Journal of Fine Arts Campus, 2021 Volume 3 Issue 1

Open Access

Peer Reviewed Research Article

# नेपालमा शास्त्रीय सङ्गीतको विकासक्रम

रमेश पोखरेल[1]*

[1]Associate Professor and Campus Chief at Lalitkala Campus, Tribhuvan University

*Corresponding Author: drrameshpokharel@gmail.com

**Citation:** पोखरेल, रमेश (2021). नेपालमा शास्त्रीय सङ्गीतको विकासक्रम, *Journal of Fine Arts Campus*, *3*(1), 44-49.

**सारांश:** नाद उपासनाको लागि पुर्विय शास्त्रीय संगीत परम्परा सामवैदिक गानबाट सुरु भएर आजको अवस्था सम्म आइपुगेको हो । सँगीतको व्याकरणको रुपमा रहेको शास्त्रीय सँगीतका आफ्नै मुल्यमान्यता, परम्परा, नियम र रस-सौन्दर्य विधान छन जुन भरतको नाट्यशास्त्रीय परम्परामा आजपर्यन्त प्रत्यक्ष या परोक्ष रुपमा जोडीन पुग्दछ । नेपालमा शास्त्रीय सँगीतको यथेस्ट प्रचारप्रसार र सोको विकास शाहकाल र त्यसमा पनि विशेष राणा शासनमा भएको देखिन्छ । लिच्छवी शासनकालमा शास्त्रीय सँगीतलाइ वादित्रगोष्ठी मार्फत सरकारी प्रोत्साहनमा अगाडी बढाउन खोजिएको पाइन्छ भने मल्लकालमा विभिन्न जात्रा, पर्व, नाटक आदिमा शास्त्रीय सँगीत गायन, वादन र नाचको प्रयोग हुन्थ्यो । उन्नाइसौं शताब्दीको सुरुवात सँगै भारतका अलग अलग देशहरुमा अंग्रेज साम्राज्यको कारण विस्थापित दरवारमा आश्रीत शास्त्रीय सँगीतज्ञहरुलाइ नेपालको राज दरवार र राण दरवारमा संरक्षण दिइएको नेपाली सँगीत इतिहासले देखाउँछ । औपचारिक शास्त्रीय सँगीतसँग सम्बन्धीत प्रस्तुती, पठनपाठन एवं प्रसार प्रसारका कार्य विशेषगरि २००७ सालको प्रजातन्त्र प्राप्तीसँगै नेपालमा शुरुवात भएको देखिन्छ । प्रस्तुत अनुसन्धान-आलेखमा नेपालमा शास्त्रीय सँगीतको ऐतिहासिक विकासक्रम, त्यसमा उल्लेखनिय भुमिका खेल्ने विभिन्न कालखण्डसँग सम्बन्धीत राज्य शासन व्यवस्था र वर्तमानको परिवर्तीत अवस्था, सँस्थागत शैक्षिक अभ्यास बारे वर्णनात्मक रुपले प्रष्ट पार्न खोजिएको छ र यस अध्ययनबाट जोकोही सँगीत जिज्ञासुले नेपालमा शास्त्रीय सङ्गीतको विकासक्रमबारे जानकारी हाँसील गर्न सक्छ ।

***शब्दकुञ्जि:*** शास्त्रीय सङ्गीत, लिच्छवीकाल, मल्लकाल, शाहकाल, राणाकाल, सँस्थागत अभ्यास

## परिचय र पृष्ठभूमि

पुर्विय मान्यतामा गीत वाद्य र नृत्यको सामुहिक नाम नै संगीत हो, जस्को माध्यमबाट आफ्नो मनको भाव, सुर, लय र अभिनयद्धारा व्यक्त गरिन्छ । संगीत रस र सौन्दर्यले भरिपूर्ण ललितकलाहरु मध्येको यस्तो विधा हो जुन सीधै प्रकृति र सबै मानव समुदायसँग सम्बन्धित छ । यो प्रेमको विश्वव्यापी भाषा हो जुन हाम्रो आत्मा मार्फत व्यक्त गर्न सकिन्छ । जस्लाई कुनैपनि देश, जाति, मानव समुदाय वा धर्मको परिधीमा मात्र बाँध्न सकिन्न । संगीत स्वर वर्णद्धारा सिङ्गारिएको नादयुक्त कर्णप्रिय विशेष प्रकारको ध्वनी हो । सारा ब्रह्माण्ड एउटा ध्वनी मैं अडीएको छ । यदि कर्णप्रिय किसीमको कम्पनयूक्त ध्वनीको आन्दोलन नियमित र स्थिर छ भने त्यो संगीतोपयोगी नाद-स्वर मानिन्छ जस्मा समग्र प्राणी जगतको चित्तलाई आकर्षण तथा मनोरञ्जन गर्ने सामर्थ्य हुन्छ । शास्त्रीय सँगीत भन्ने वित्तिकै हाम्रो दिमागमा अचानक राग शब्द आउँछ । अध्यात्मिक हिसावले संगीतमा रागको अर्थ हाम्रो चित्तको चञ्चलतालाइ दूर गरेर आनन्दको समुन्द्रमा शान्त र स्थिरता ल्याइदिनु हो भने रागको अर्को पक्ष सांसारिक तथा भौतिक आशा, तृष्णा आदिमा चित्तलाई प्रवाहित गराइदिनु हो । आफ्नो चित्तलाई आनन्दित र शान्त तुल्याइ परमानन्द प्राप्तीमा लिन गराउने उद्धेश्यले हाम्रा पूर्वज संगीत मनिषीहरुले विभिन्न शिद्धान्तहरु प्रतिपादन गरेका छन र उक्त शिद्धान्तको परिधीमा रहेर संगीत साधना गर्ने कार्य नै शास्त्रीय संगीत उपासना सम्बन्धी कर्म हो । नाद उपासनाको लागि पुर्विय शास्त्रीय संगीत परम्परा सामवैदिक गानबाट सुरु भएर आजको अवस्था सम्म आइपुगेको हो र यसमा समयक्रमसँगै धेरै बदलावहरु आइसकेका छन ।वैदिक कालमा स्वरित-सा, अनुदात्त-रे, उदात्त-ग आदि तीन स्वरमा सामगान गरिन्थ्यो र यसैकालमा सात स्वरहरु विकसित भै वेद मन्त्रको पाठ गरिन्थ्यो ।

*उदात्ते निषादगांधारौ अनुदात्त ऋषभधैवतो*
*स्वरित प्रभवा ह्येते षड्जमध्यमपञ्चमा ॥*

संगीत र यसका सिद्धान्तहरुको वर्णन आज भन्दा करीव दुईहजार वर्ष अघी भरतमूनी लिखित नाट्यशास्त्रमा पाइन्छ । जस्लाई प्रमाणीक हिसावले पहिलो नाट्य एवं संगीत-साहित्यसँग सम्बन्धीत लिखित ग्रन्थ मानिन्छ । यसै नाट्यशास्त्रमा उल्लेखित तलको श्लोकलाइ मनन गर्दा नेपाल भन्ने देशको भुखण्ड यानकी हिमवतखण्डमा प्रचलित सँगीत आजको पुर्वीय शास्त्रीय संगीतको जरामै अन्तरनिहित र घुलीत छ जस्लाई किमार्थ अलग गर्न सकिन्न ।

*अङ्गबङ्ग कालीङ्गाश्च वत्सशचैवोढ मागधा:*
*पौण्ड्रा नेपालकश्चैव अन्तर्गिर बहिर्गिरा: ।*
*(नाट्यशास्त्र अध्याय १३, श्लोक ४५, ४६, ४७)*

त्यसैगरि शास्त्रीय रागहरुमा अधारित चर्या गीतिको परम्परा ई.स. छैठौं/सातौं शताब्दीको ***गगन विन्दु,कुमार वदना, वत्सर श्रीनेपालीकं*** यो प्राचिनतम ललित रागमा रहेको पञ्चबुद्धको तुत: चर्याको ध्रुवपद गीतिको अँशले नेपालमा शास्त्रीय सँगीतको लामो परम्परा रहेको पुष्टी गर्दछ (आचार्य, २०७० पृ.६०) ।

## अध्ययन विधि

यस अध्ययनले विशेष गरि नेपालमा शास्त्रीय सँगीतको ऐतिहासिक विकासक्रमलाइ उजागर गर्न खोजेको छ । नेपालका कुन कुन ऐतिहासिक  राज्य शासन व्यवस्था र कालखण्डमा शास्त्रीय सँगीतको प्रस्तुती, सोको प्रचारप्रसार, सरकारी प्रोत्साहन एवं यस्को पठनपाठनमा भए गरिएका सँस्थागत प्राज्ञीक प्रयास एवं कार्यहरुलाइ यस अनुसन्धानपत्रमा प्रस्तुत गर्न खोजिएको छ । पुर्वीय दर्शनसँग सम्बन्धीत दक्षिण एशियाको साझा सभ्यताको रुपमा रहेको शास्त्रीय सँगीत सम्बन्धी नेपालमा भए गरिएका प्रयासहरुलाइ मुलत: प्रकाश पार्नु यस आलेखको मुख्य उद्धेश्य हो । पुर्व प्रकाशित स्रोत एवं जानकारीको विश्लेषणमा गुणात्मक दृष्टिकोण अपनाइनुका साथै सहायक तथा द्वितिय स्रोतको आधारमा अभिलेखिकरणको हिसावले वर्णनात्मक रुपमा विश्लेषण गरिएको छ । अध्ययनको उद्धेश्यलाई सहयोग पुग्ने किसीमले प्रासंगिक पुस्तकहरू, लेखहरू, शोधहरु, पत्रिकाहरू, वेबसाइटहरू, अनुसन्धान रिपोर्टहरू अध्ययनको स्रोतको रुपमा लिइएको छ ।

**विकासक्रम**

उत्तर महाभारतिय परम्परागत सँगीतको इतिहास केलाउँदा नेपालको प्रसँग प्रत्यक्षरुपमा त्यससँग गाँसिएर आउँछ कारण नेपाल र भारतको भौगोलिक सम्मीश्रण, धार्मिक, साँस्कृतिक एवं साँगीतिक परम्परा र सामाजिक संरचना एउटै किसीमको ढाँचामा रही आएको छ। दक्षिण एशियाको उत्तरी भूखण्डको हिमालय क्षेत्र, महाभारत श्रृँखला र यसबाट सिञ्चीत नेपाल तथा वर्तमान उत्तर भारतका विहार, पश्चीम बंगाल, उत्तर प्रदेश र उत्तराखण्ड लगायतका सम्म मैदानी भागमा एकै प्रकारको सँगीत परम्परा रहनु, परापूर्वकाल देखि हुँदै आएको साँस्कृतिक आदान प्रदानकै परिणती हो र संगीतमा कुनै राम्रा नराम्रा पक्ष हावी भएका छन भने पनि स्वभाविक आन्तरिक र वाह्य पक्षको प्रभाव स्वरुप नै हो। शास्त्रीय सँगीतका विभिन्न विधाहरुको गायन,वादनको प्रचलन नेपाल, भारत, पाकिस्तान, श्रीलँका, बँगलादेश लगायत अरब राष्ट्रहरुमा समेत रहेको पाइन्छ। सँगीतसँग समर्पित गान्धर्व जातीको बसोबास नेपालमा समेत पाइनु र तिनका हातमा अझै ब्रह्मको आकृति भएको अरबाजो अनि परिमार्जित रुप सारँगी रहनुले नेपालको लामो सँगीतको इतिहासलाइ प्रष्ट पार्छ।

**लिच्छवीकाल**

लिच्छवीकालबाट नेपालको लिखित इतिहास सुरु हुन्छ त्यस भन्दा पहिलेको किराँत वंशको शासनकालका उत्खननमा पाइएका मूर्तिहरुमा नृत्य गरिरहेका विभिन्न आकृतिबाट त्यस समयको सँगीतको अवस्था अनुमान लगाउन सकिन्छ। बज्जी महाजनपदसँग सम्बन्धीत लिच्छवीहरु हालको भारतको विहारको मुजफ्फरपुर आसपास बैशाली भन्ने ठाउँबाट तत्कालीन मगध साम्राज्यबाट शासनव्यवस्थामा विस्थापित भइ नेपाल प्रवेश गरेका थिए र करिव दोस्रो शताब्दी देखि आठौं शताब्दी सम्म नेपालमा शासन गरेका थिए। त्यस समयका अधिकाँस अभिलेख संस्कृत भाषामा पाइनुले उनीहरुले वैदिक सनातन संस्कृति र सोसँग सम्बन्धीत कला संस्कृति एवं शास्त्रीय सँगीतलाइ कसरी अगाडी बढाएका थिए सहजै अनुमान लगाउन सकिन्छ। "लिच्छवीकालमा शिवदेव, अँशुवर्माले काठमाण्डौ उपत्यकाको लेले भन्ने ठाउँमा वि.सं ६६१ मा स्थापना गरेको शिलालेखमा वादित्रगोष्ठीको उल्लेख गरेको पाइन्छ। यो बाजा बजाउने सम्बन्धी गुठी नेवार समुदायमा आज पर्यन्त प्रचलनमा छ" (तुलाधर, २०३६ पृ.७३)।

**मल्लकाल**

चौधौं देखि अठारौ शताब्दी सम्म हालको भारतको उत्तर प्रदेशको कुशीनगर,देवरीया, गोरखपूर आसपासको तत्कालीन मल्ल महाजनपदबाट मगध साम्राज्यबाट पराजित मल्लहरु नेपाल तर्फ पसी शासन गरेका थिए। मल्लकालमा शास्त्रीय सँगीतको विकास उच्च अवस्थामा थियो। त्यसवेला प्रचलनमा ल्याइएका विभिन्न जात्रा पर्व, नाच, नाटक र ऋतु अनुसारका राग गायन एवं वाद्यवादन बजाउने, सँगीत ग्रन्थ, नाटक र राग रचनाका ग्रन्थहरुको स्वयं राजाहरुबाट लेखिने र लेखाउने अभिरुचीबाट सँगीत प्रतिको उच्च सम्मान झल्कीन्छ। विभिन्न सामाजिक, धार्मिक कार्यमा शास्त्रमा आधारित संगीतको प्रयोग अनिवार्य थियो। त्यसवेला शास्त्रीय संगीतले राजकीय सँरक्षण र प्रेरणा पाएको थियो। काठमाण्डौका राजा प्रताप मल्ल स्वयं नाच्थे भन्ने कुरा काष्ठमण्डप (मरुसत्तल) अगाडी उनले कबिन्द्रपूर बनाई त्यहाँ नृत्य नाथको मूर्ति स्थापना गरेको र ती सबै कुरा लेखि शिलालेख राखिदीएको बाट अवगत हुन्छ। पाटनका राजा योगनरेन्द्र मल्लले सँगीतार्णवपारंग भन्ने पदवी नै धारण गरेका थिए। काठमाण्डौ उपत्यकाका नेवार समुदायमा चलेको ऋतु अनुसारका गीत र राग गाउने चलन परापूर्व देखिकै हो। त्यसबेला उपत्यकामा परम्परागत चर्या सँगीतको पनि गोप्य पूजन विधिमा यथेष्ट प्रयोग भएको देखिन्छ।

**राष्ट्रिय एकिकरण पश्चात**

श्री ५ पृथ्वी नारायण शाहको राष्ट्रीय एकिकरण पश्चात पनि शास्त्रयि सँगीतको विकास क्रमिकरुपमा हुँदै गरेको अवस्था थियो। त्यस समय नेपालभरी नै ठूला घराना-खान्दानी भएका ठाउँहरुमा राग रागीनीमा बाँधिएका अनेकौं ताल, सुर र लयकारीयूक्त बन्दीसहरु सँगीत मण्डली, भजन मण्डली, घर, आँगन, चोक, डबली, जात्रा, पर्व र उत्सबहरुमा गाउने बजाउने गरिन्थ्यो (आचार्य २०५६ पृ. १३२)। त्यस समयका कलाकारहरुमा शिक्षा दिक्षाको कमी र शास्त्र ज्ञान नभएको हुनाले कुनै लेख तथा लिपिहरुमा उक्त सँगीतका सामाग्रीहरु सुरक्षीत हुन सकेनन। पृथ्वी नारायण शाहले आफ्नो अभियानमा गान्दर्भ, नगर्ची, गोरक्षनाथ सम्प्रदायका जोगी सन्यासीहरुलाइ गीत सँगीतको अभियानबाट गाउँ गाउँ पठाएर गोरखाका राजा अव आफ्नो धर्म सँस्कृति जोगाउन र नेपाललाइ असली हिन्दुस्ताना बनाउन जागी सकेको सन्देश प्रवाह गर्न लगाएका थिए, सो गर्नुको उद्वेश्य भारतमा अंग्रेजहरुको फैलँदो साम्राज्यलाइ नेपाल तर्फ पाइला राख्न नदिनु थियो। त्यसबेला अहिलेको भारतमा ५०० भन्दा बढी राज्यहरुमा अँग्रेजले विस्तारै साम्राज्य फैलाउन सुरु गरेको अवस्था विद्धमान थियो भने विभिन्न राज्यमा राजश्रय पाएका शास्त्रीय सँगीतज्ञको रोजीरोटीमा सँकट बढ्न थालीसकेको थियो। अँग्रेज –फिरङ्गीहरु र सँगीतज्ञको नाममा भित्रन सक्ने तिनका गुप्तचरीहरुको वाह्य प्रभाव रोक्नको लागि उनले नाचगान विदेशबाट नझिकाउनु बरु काठमाण्डौका तीनै शहरको नाचगान झिकाइ हेर्नु भनी दिब्योपदेश जारी गरेका थिए। रणबहादूर शाह स्वयं वीणा र राम्रो सितार वादक थिए र वेलाबेला भारतका गायक वादकलाइ दरवारमा झिकाइ सँगीत श्रवण गर्थे। यिनले नेपालका प्रसिद्ध शास्त्रीय गायक रुपनारायण श्रेष्ठ र पखावज वादक पद्म नरायण श्रेष्ठलाइ दरवारमा राजगायक-वादकको रुपमा नियूक्त गरी यिनका सन्तानहरुलाई समेत सँगीतको पुर्ख्यौलीको रुपमा नियूक्त गरि उक्त पदको खानगी-भत्ता स्वरुप सन्तान दर सन्तानलाइ दिने व्यवस्था गरिदिएका थिए। श्रीपञ्चमीको दिन हनुमानढोकामा वसन्त सुनाउने चलन यद्धपी कायमै छ। दशैको मालश्री राग पनि रणबहादूर शाहले नै रचना गरेको भन्ने मानिन्छ। वि.स. १९०३ मा जङ्ग बहादूरले आफ्नो अधिनस्थ शासन सत्ता हातमा लिएपछी भारतका शास्त्रीय गायक, वादक र नर्तकहरुको सम्पर्क प्रभाव अझ बढ्न थाल्यो र राणा दरबारहरुमा शास्त्रीय सँगीत सुन्ने र सिक्ने बानी बढ्दै गयो। राजेन्द्र विरविक्रम शाहले नेवारीमा सँगीत-नाटक पुस्तक लेखेका थिए। श्री ५ सुरेन्द्र पनि एकदमै शास्त्रीय सँगीत प्रिय थिए। राजा सुरेन्द्रले काश्की जील्लाको बाटूले चौरमा जन्मी भारत गइ बसेका शास्त्रीय सँगीताचार्य लक्ष्मण दासलाइ झिकाई आफ्ना दरवारीया भाइ भारदार तथा तालीमे नानीहरुलाई सँगीत शिक्षा दिने उद्धेश्यले आश्रय दिइ राखेका थिए। उनका शिष्यहरुमा ठूली हसिना, सानी हसिना, सँग्रामसूर आदि उल्लेखनिय छन।

"भारतको बनारसबाट पृथ्वी विरविक्रम शाहका पालामा धेरै शास्त्रीय सँगीतज्ञहरु नेपाल आइ यहीं बसोबास गर्न थालेका थिए जस्मा अयोध्या प्रसाद मिश्र उनका छोरा नानक प्रसाद मिश्र नाती झम्मक प्रसाद मिश्र पनाती शम्भु प्रसाद मिश्र र उनका परिवारका सदस्यहरु र तिनका कतिपय बाँकी पछिल्ला पिंढीहरु नेपालमै शास्त्रीय सँगीतमा अझै समर्पीत छन र यो परिवारको नेपालको शास्त्रीय

सँगीतको श्रीबृद्धीमा ठूलो योगदान छ" (रेग्मी, २०६९ पृ. १९७) । उनकै पालामा प्रख्यात नेपाली सितार वादक पं देवचन्द्र रेग्मीले राग भैरवी बजाउँदा दरवारी ध्रुपद गायक ताज खाँले तारिफ गरेका थिए । राणा प्रधानमन्त्री बीर शम्शेरले वि.सं. १९५६ साल पौष महिनामा सबैभन्दा ठूलो शास्त्रीय सँगीत सम्मेलन विरगँज नजिकै बगेडी भन्ने ठाउँमा गराएका थिए जुन एक महिना सम्म चलेको थियो, जस्मा सैयोंको संख्यामा भारत र नेपालका उच्च कोटीका संगीतज्ञहरुले भाग लिएका थिए जुन तस्वीर भारतको हाथरस बाट प्रकाशित सँगीत विशारद (पृ.४८०) नामक पुस्तकमा हेर्न सकिन्छ । "बगेडीमा आयोजित त्यस सँगीत सम्मेलनले सँगीत सम्बन्धी निचोड निकाल्दै भातखण्डेको भन्दा फरक रागाँगमा आधारित भिन्न दश थाटको परिकल्पना गरेको थियो जस अनुसार कल्याण थाट, भैरव थाट, बिलाबल थाट, तोडी थाट, सारँग थाट, कान्हडा थाट, मल्हार थाट, कोष थाट, शाख थाट र श्री थाट आदि । वि.सं. १९५८ सालमा सँगीत प्रेमी वीर शमशेरको षडयन्त्रमूलक हत्या भएपछि यस सम्मेलनबाट तयार पारिएको ग्रन्थ प्रकाशमा आउन सकेन जुन कार्य अधुरै रह्यो" (आचार्य, २०५४, पृ.१३५) । उनले धेरै भारतिय गायकलाइ नेपाल भिकाइ यहीं बस्ने व्यवस्था समेत  मिलाएका थिए जस मध्येका उस्ताद ताज खाँले नेपालमै सम्पूर्ण जीवन व्यतित गरेका थिए जसको कब्रस्थान काठमाण्डौको स्वयंभूनाथ छेउमा आज पर्यन्त रहेको र सोबारे लेखिएको छ । प्रधानमन्त्री श्री चन्द्र शमशेरको पालामा वि.स. १९७३ सालमा भारत बडौदा बासी ए. एम. पठानले गोरखा गीत प्रकाश (पहिलो भाग) नामको सँगीतको नोटेशन समेत दिएर प्रकाशित गरेका थिए (तुलाधर, २०३६ पृ.७५) । चन्द्र शमशेरको सिँह दरवारमा मेलवादेवी प्रख्यात गायिकाको रुपमा रहेको पाइन्छ । विर शमशेर र चन्द्र शमशेरको शासनकाललाई नेपालको शास्त्रीय सँगीत इतिहासको श्वर्ण युगको रुपमा लिइन्छ । त्यतीवेला दरवारमा धेरै भारतिय कलाकारहरुको दबदबा रहेको बेला  राणा परिवार र राजा त्रिभुवनको नजरमा धेरै नेपाली कलाकारहरु पनि आँफूलाइ नजानिदो तरिकाले स्थापित गर्न थालीसकेका थिए तीनमा थिए उस्ताद उजीर, राम बहादूर तण्डुकार, उस्ताद साहिला, उस्ताद बद्री तण्डुकार, उ. नन्दलाल, उ. गणेशलाल, पं देव चन्द्र रेग्मी, एकराज शम्शेर, पूर्णचन्द्र रेग्मी, यज्ञराज शर्मा, कृष्ण चन्द्र रेग्मी, गंगा दत्त पराजुली, नरराज ढकाल, नानक मिश्र, झुम्मक मिश्र आदि ।

**२००७ साल पश्चात**

नेपालमा राणा शासनको अन्त्य र प्रजातन्त्रको पहिलो घोषणासँगै वि. स. २००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना ( पाण्डे र अन्य, २०३४, पृ. १६०) भएसँगै औपचारिक रुपमा संगीतको प्रचार प्रसारको युग सर्वसाधारण माफ आरम्भ भयो । राणाकालमा नागरिकहरूले जनस्तरमा कुनै संगीत कार्यक्रम गर्नु त्यती सहज मानिदैन थियो र त्यस्ता गतिविधीहरु प्रायः बर्जित गरिएका थिए । जो राणा परिवार र दरबारसँग नजिक थिए उनीहरूले मात्र दरवारका पण्डीत र उस्तादबाट शास्त्रीय संगीत शिक्षा लिन सक्ने अवस्था विद्यमान थियो । त्यसताका रेडियो नेपालको गीत सँगीत प्रशारणको चारैतिरबाट सराहना गरियो र समकालीन शास्त्रीय र आधुनिक संगीतको प्रसारणले नेपालको संगीत विधालाई एकीकृत गरी अगाडी बढायो । उदियमान नेपाली शास्त्रीय उपशास्त्रीय एवं आधुनिक विधाका संगीतज्ञहरु आफ्नो प्रतिभा देखाउँदै अगाडी आये । यिनीहरुमा थिए यज्ञराज शर्मा, गंगा दत्त पराजुली, नरराज ढकाल, गणेश लाल श्रेष्ठ, गणेश बहादुर भण्डारी, शम्भु प्रसाद मिश्र, शाम्बदेव सापकोटा, मास्टर रत्नदास प्रकाश, उस्ताद आनंद, उजेली मैयाँ, उदय लाल, उर्मिला कुमारी श्रेष्ठ, उस्ताद खेम चन्द, मिस चंदा देवी, मास्टर जीतू सिंह, ज्वाला प्रसाद, मिस तारा बाई, उस्ताद दल बहादुर, मिस दुलारी, मिस पंचवाला दासी, मिस पारुलबाला, मास्टर पूर्णमान, मिस प्रभा, मिस प्रमिला, उस्ताद बद्री, भबानी चरण दास, मनबीर राणा, मास्टर मित्र सेन, मेल्वा देवी, मिस राज्य लक्ष्मी, रूपकुमारी, लक्ष्मी देवी, मिस शांता देवी, सानू माया, उस्ताद साहिला, सेतुराम श्रेष्ठ, मिस सोनी सिंह, मिस हिना देवी, हीरा बाई, रंगराव कादम्बरी, राम प्रसाद राय थारु, सतीशचन्द्र रेग्मी आदि (मुकारुङ्ग, २०७१, पृ.२०-२१) । राजा त्रिभुवनको शासनकालमा, नेपाली प्रख्यात संगीतज्ञ उस्ताद रामप्रसाद राय थारुले वि. सं २००८ सालमा नेपालको वीरगन्जमा 'नेपाल बिहार संगीत सम्मेलन' शीर्षकको संगीत सम्मेलन समेत आयोजना गरेका थिए जस्मा नेपाली उस्ताद गणेशलाल श्रेष्ठलाई स्वर्ण पदकबाट सम्मानित गरिएको थियो । लगत्तै दोस्रो वर्ष २००९ मा विरगञ्जमै 'बृहत शास्त्रीय संगीत' शीर्षकको कार्यक्रम भव्यताका साथ राम प्रसाद राय थारुकै अग्रसरतामा आयोजन भएको थियो र यस्ता व्यक्तीगतस्तरमा भएका पहल र आयोजनले नेपालमा शास्त्रीय संगीत विधाको  शैलीगत विकास र यस्को प्रचारप्रसारमा ठूलो योगदान पुऱ्यायो (आचार्य, २०५६, पृ. १४०) । फलस्वरुप सर्वसाधारण मानिसहरुमा यसप्रतिको आकर्षणमा बृद्धि भइ संगीत प्रस्तुती देखि सिक्ने सिकाउने प्रचलन समेत समाजमा बढ्न थाल्यो ।

**सँस्थागत अभ्यास**

काठमाडौंको डिल्लीबजारमा पद्मकन्या हाईस्कूलको स्थापनासँगै पहिलो औपचारिक संगीत शिक्षा नेपालमा शुरु भयो जहाँ शास्त्रीय संगीतज्ञ पं. गंगा दत्त पराजुली वि. स. २००४ सालमा पहिलो शास्त्रीय संगीत शिक्षकको रूपमा संलग्न थिए (तुलाधर, २०३६, पृ. ७५) । आजको नेपालको संगीत शिक्षाको विस्तारित स्वरूपको श्रेय यस विद्यालयलाई जान्छ । पद्मकन्या स्कूलमा गंगा दत्त पराजुलीले १४ वर्ष संगीत शिक्षकको रुपमा निरन्तर सेवा गरेका थिए । उनी अत्यन्त बहुप्रतिभाशाली शास्त्रीय गायक एवं शास्त्रीय नर्तक पनि थिए। उनी ध्रुपद, ख्याल, टप्पा, ठुमरी, तराना गाउँथे र नेपाली भाषामा पनि यी विधाहरू रचना गर्थे । उनले धेरै भारतीय शास्त्रीय संगीतज्ञहरू जस्तै भारतको बिहारका बैधनाथ धामका पं. सीताराम मिश्र (राणा चन्द्र शमशेरको दरवारका संगीत शिक्षक), पटनाका उस्ताद मिट्ठु खान, देवासका राजिव अली खान, हैदर खान र मुम्बईका गणेश विश्वनाथ मारनेरकरबाट शास्त्रीय संगीत शिक्षा ग्रहण गरेका थिए । लखनऊका बिन्दादिन महाराजबाट कथक नृत्य समेत सिकेका थिए । पछि पराजुलीले वि. सं. २०१६ देखि २०२४ सम्म काठमाडौंको मदन मेमोरियल गर्ल्स हाईस्कूलमा शास्त्रीय संगीत शिक्षण गर्नुका साथै काठमाडौंकै नारी ज्ञान मन्दिर स्कूलमा समेत तीन वर्षसम्म संगीत शिक्षा प्रदान गरे (पाण्डे र अन्य, २०३४, पृ. २८-२९) ।

**सँस्कृति विभाग र प्रतिष्ठान**

वि. स. २०११ मा राजा महेन्द्रको गद्दी आरोहणसँगै नेपाली संगीत क्षेत्रले एउटा बलियो अविभावक पायो । उनी वास्तवमै एक सच्चा संगीत, साहित्य प्रेमी र गीत लेखक पनि थिए । २०१५ साल सम्म नेपालमा कुनै पनि विश्वविद्यालयको स्थापना भएकै थिएन । विदेशमा संगीत शिक्षा हाँसील गरेका धेरैजसो संगीतज्ञहरुले संगीत सिकाउन निजी संस्था स्थापना गर्न पहल गर्न थाले । राजा महेन्द्र र

पछि राजा वीरेन्द्रले रेडियो र दरबारमा आयोजन हुने शास्त्रीय सँगीतका कार्यक्रमलाई प्रोत्साहन गर्दै कलाकारहरुलाइ पुरस्कृत गर्ने थिती बसाले ।

नेपालका एक दिग्गज शास्त्रीय संगीतकार पं. यज्ञराज शर्मा को अनुरोधलाइ स्वीकार गर्दै वि.सं. २०१२ साल फाल्गुण २३ गते काठमाडौंमा पहिलो संगीत कलेज 'नेपाल संगीत महाविद्यालय' नेपाल संगीत परिषद मातहत रहने गरि खोलिएको थियो । नेपाल संगीत परिषद वि.स. २०११ साल भाद्र महिनामा संगीत शिरोमणी यज्ञराज शर्माकै अध्यक्षतामा गठन भएको थियो (तुलाधर, २०३६, पृ. ७६) । यस कलेजको शुरुवातसँगै शर्माले नेपालमा शास्त्रीय संगीत शिक्षा प्रबर्धन गर्न ठूलो पहल गर्नुभयो । उनले शास्त्रीय संगीतको शिक्षा भारतका धेरै प्रसिद्ध संगीतज्ञहरू मुंबईका उस्ताद बेलायत हुसेन खाँ, बडोदाका उस्ताद फैयाज खाँ, ग्वालियारका पं. कृष्ण राव शंकर आदिबाट ग्रहण गरेका थिए । यो महाविद्यालय प्रयाग संगीत समिति, इलाहाबादको जस्तै स्वरुपमा सञ्चालित थियो । नेपाल सरकार द्वारा प्रतिवर्ष यस विद्यालयलाई २० हजार नेपाली रुपैयाँ प्रदान गर्ने गरिएको थियो (मुकारुङ्ग, २०७१, पृ. ८२६) । सुरुवाती दिनमा विद्यालयले बेलुकी कक्षा राजगुरु पं भोगेन्द्र राजको काठमाडौंको डिल्लीबाजारस्थित सानो भवनमा संगीत कक्षा सञ्चालन गरेको थियो । पछि यो महाविद्यालय आर्थिक संकटले गर्दा करीव २० वर्षपछि २०३२ सालमा बन्द भयो (आचार्य, २०५६, पृ. १४०-४१) । राजा महेन्द्रको समयमा सामान्य मानिसहरुले समेत सरकारी संस्था लगायत निजी प्रशिक्षक र गुरुहरुसंग शास्त्रीय संगीत शिक्षा लिन सुरु गरे । २०१६ सालमा उनको शासनकालमा सांस्कृतिक आदान प्रदान कार्यक्रम, नाटक र संगीत शिक्षाको प्रदान गर्ने उद्धेश्यबाट सँस्कृति विभाग (राष्ट्रिय नाचघर) को स्थापना भयो र जुन पछि गएर २०२९ मा सांस्कृतिक संस्थानको नामले काठमाण्डैस्थित जमलमा आज पर्यन्त चिनिएको छ । वि.स. २०१४ सालमा स्थापित कमलादीस्थित नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक संस्थानले संयुक्त रूपमा राष्ट्रिय तथा अनतरराष्ट्रिय रुपमा सांस्कृतिक आदानप्रदानका धेरै औपचारिक कार्यक्रमहरु आयोजना गर्ने क्रमसँगै दुबै संस्थाले छ महिने र एक बर्षको शास्त्रीय एवं आधुनिक संगीत प्रशिक्षण कोर्षहरू शुरू गरी आम जनताका लागि संगीत शिक्षा प्रदान गर्न सुरु गरे । शास्त्रीय सँगीतसँग सम्बन्धीत पुस्तकहरु नेपाली भाषामा नेपाली सँगीतज्ञहरुबाट लेखाई प्रज्ञाप्रतिष्ठानले प्रकाशित गर्‍यो । राजा महेन्द्रले शास्त्रीय संगीतको क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरुलाई विभिन्न राष्ट्रिय पुरस्कारहरुबाट सम्मानित गर्ने परिपाटि बसाले । संगीत शिरोमणि, वाद्य शिरोमणि, संगीत प्रविण र इन्द्रराज्य लक्ष्मी जस्ता पुरस्कारहरुबाट त्यसवेलाका कलाकारहरु सम्मानीत भए जस्मा संगीत प्रवीणको उपाधी पाउने थिए पं. यज्ञराज शर्मा, उस्ताद गणेशलाल श्रेष्ठ र नरराज ढकाल । राजा महेन्द्रको शासनकालमा, अर्को प्रतिष्ठित इन्द्र राज्य लक्ष्मी राष्ट्रिय पुरस्कार पाउने कलाकार थिए उस्ताद गणेशलाल श्रेष्ठ (२०१६), पं. कृष्णचन्द्र रेग्मी (२०२१), संगीत प्रविण नरराज ढकाल (२०२४) ( पाण्डे र अन्य, २०३४, १६०-६१) ।

पछिल्ला र हालैका दशकहरूमा, इलाहाबादको प्रयाग संगीत समितिसँग सम्बद्ध धेरै निजी संगीत शिक्षण संस्था देशभरि हुर्केका छन् जसले शास्त्रीय र आधुनिक संगीत सिक्न लालायित विद्यार्थीहरूलाई देश भित्रै आधारभूत शिक्षा प्रदान गरेर नेपालमा संगीतको परम्परालाई सफलतापूर्वक समृद्ध बनाउँदै आइरहेका छन । यस्ता संस्थाहरुमा ओम अन्नपूर्ण संगीत परिवार पोखरा, एक्याडेमी अफ पर्फरमिंग बागबजार, साधना कला केन्द्र, पुतलिसडक, ओमी कला केन्द्र पुतलीसडक, सरगम संगीत विद्यालय धरान, सुनसरीको इटहरीको संगीत साधना महाविद्यालय, पशुपति क्षेत्र काठमाडौंमा किराँतेश्वर संगीताश्रम, काठमाडौंको जमलमा डोरेमी संगीत पाठशाला, गान्धर्व संगीत पाठशाला असन, काठमाडौं, रुपन्देहीको बुटबलमा बागेश्वरी संगीतालय, काठमाडौंको कालिमाटीमा मञ्जुश्री संगीत महाविद्यालय, ललितपुरको टेबहालमा मृदंग भजन गुठी, विराटनगरमा स्वर संगम संगीतालय, अनुराग विद्यालय काठमाडौं, काठमाडौंको बागबाजारमा सुर संगीत विद्यालय, गुरुकुल संगीत पाठशाला बागबजार, ललितपुरको वाद्य शिरोमणी घराना विद्यालय, काठमाडौंको बनस्थलीको श्रीकृष्ण गुरुकुल संगीत पाठशाला, काठमाडौंको कालिस्थानमा श्री संगीत पाठशाला, पं सत्य नारायण चौधरी स्मृति प्रतिष्ठान ललितपुर, श्री संगीत पाठशाला, ललितपुर, काठमाडौंको तिनकुनेमा अतुल स्मृती गुरुकुल संगीत पाठशाला, काठमाडौंको शुशिला आर्ट एकेडमी, काठमाडौंको नाद संगीत पाठशाला, काठमाडौंमा कपन संगीत सरोबर, काठमाडौंको कपन तबला विद्यालय, भोटाहिटी काठमाडौंको आरम्भ संगीत पाठशाला, पोखरामा गुरुकुल संगीत प्रशिक्षण केन्द्र, आरोह संगीत पाठशाला झापा आदि । नेपाल सरकारले प्राथमिक तह देखि माध्यमिक विद्यालय स्तरको पाठ्यक्रममा समेत वैकल्पिक विषयको रुपमा शास्त्रीय लगायत लोक एवं आधुनिक सँगीत विषय राखेको भएपनि अझै धेरै जसो स्कूलहरूले पाठ्यक्रम राम्रोसँग कार्यान्वयन गरेका छैनन् ।

**उच्च शिक्षामा शास्त्रीय सँगीत**

त्रिभुवन विश्वविद्यालयको वि. सं. २०१६ सालमा स्थापनासँगै २०१७ सालदेखि विश्वविद्यालयस्तरमा पद्मकन्या क्याम्पसबाट आइ.ए र २०२० सालमा बि.ए. स्तरमा शास्त्रीय संगीतको पाठ्यक्रममा आधारित पठनपाठन सुरू भयो । हाल मानवीकि तथा सामाजिक शास्त्र संकाय अन्तरगतका ललितकला केन्द्रीय विभाग, तीन आंगीक क्रमशः पद्मकन्या बहुमुखी क्याम्पस, ललितकला क्याम्पस र रत्नराज्य लक्ष्मी क्याम्पस र एउटा सम्बन्धन प्राप्त सिर्जना कलेज अफ फाइन आर्ट्स कलेज मार्फत गायन, वादन तथा नृत्य विषयमा आधारभूत रुपमा शास्त्रीय संगीत शिक्षाको अध्ययन अध्यापन हुँदैआइरहेको छ । विश्वविद्यालयको स्थापनासँगै २०१७ सालमा शैक्षिक विषयको रूपमा शास्त्रीय सँगीत विषयको पठनपाठन समावेश गरिएको थियो । विश्वविद्यालयको कीर्तिपुर क्याम्पसमा संगीत शिक्षाको लागि छुट्टै विभाग सुरू गर्न सुरुवाती दिनमा सम्भव नभएकोले यसलाई पद्मकन्या क्याम्पसमा प्रविणता प्रमाणपत्र तहमा महिलाका लागि मात्र शुरु गरिएको थियो । सुरुमा केही विद्यार्थीहरूले पद्म कन्या कलेजमा संगीतमा प्रवेश लिएका थिए र उनीहरु शास्त्रीय संगीतको प्रयोगात्मक र सैद्धान्तिक ज्ञान लिन्थे । संगीत शिक्षा पठनपाठनको शैक्षिक अनुभवको तीन बर्ष पछि विद्यार्थीहरूको सकारात्मक प्रतिक्रियासँगै कलेजले भोकल, नृत्य र इन्स्ट्रुमेन्टल संगीतमा स्नातक तहको पठनपाठन शुरू गर्‍यो । यसरी नेपालको उच्च शिक्षामा शास्त्रीय संगीत शिक्षाले एक शैक्षिक विषयको रूपमा मान्यता प्राप्त गर्‍यो र संस्थागत भयो । सुरुवाती दिनहरुमा इन्दीरा पाण्डे, बुद्धरत्न तुलाधर, नरेन्द्र बाटाजु, सतिश चन्द्र रेग्मी, पद्मा कादम्वरी, रंगराव कादम्बरी, गोपाल योञ्जन, आदि संगीत व्यक्तित्वहरुले पद्मकन्या क्याम्पसको संगीत प्राध्यापनमा योगदान पुर्‍याएका थिए भने इन्दीरा पाण्डे विश्वविद्यालयको संगीत विषय समितिको अध्यक्षको भुमिकामा समेत थिइन (दर्नाल, २०३८, पृ. १००) । यसैगरी संगीत विषयको पठनपाठन त्रिवि शिक्षा शास्त्र संकाय अन्तरगतको आइ.एड. तहमा लाजिम्पाटस्थित अहिलेको र्‍याडिसन होटल

भएको ठाउको कलेज अफ एजुकेशन चेतभवनमा वि.स. २०२४ साल, सोही संकायको ठाकुरराम बहुमुखी क्याम्पस विरगंज २०३१ साल (आइ. एड. तहमा संगीत विषय पढाइ भइ केही समय पछि वन्द भएको), त्रिविकै आंगीक क्याम्पसहरु रत्नराज्य लक्ष्मी क्याम्पसले वि.सं. २०३० साल, र अर्को ललितकला क्याम्पसले त्रमशः २०३३ सालबाट विधिवत संगीत विषयको अध्ययन अध्यापन सुरु गरी संगीतको संस्थागत शिक्षण परम्परा र विकासमा देशलाइ नै आज पर्यन्त ठूलो गुन लगाइरहेका छन । त्रिविबाट प्रमाणपत्र तहको खारेजीसँगै २०६६ सालबाट यसकै सम्वन्धनप्राप्त काठमाण्डौस्थित सिर्जना कलेज अफ फाइन आर्ट्स सामुदायीक कलेजले समेत संगीत शिक्षालाइ कक्षा ११ र १२ मा सुरुवात गरि हाल स्नातक तह सम्मको गायन, वादन र नृत्य विषयमा अध्यापन गराइरहेको छ । आज विश्वविद्यालयस्तरमा विभिन्न आंगीक क्याम्पस लगायत केन्द्रीय विभाग मार्फत संगीत विषयमा स्नातक, स्नातकोत्तर र विद्यावारिधी तह सम्मको अध्ययन अध्यापन एवं अनुसन्धानका कार्यको थालनी हुनु पक्कै गर्वको विषय हो ।

**कलानिधि संगीत महाविद्यालय**

स्थापनाको समयमा यस महाविद्यालयलाइ कलानिधि संगीत महाविद्यालय भनेर चिनिन्थ्यो जुन पछी गएर कलानिधि इंदिरा संगीत महाविद्यालयको नामबाट चिनिन थाल्यो (गोपाली, २०७०, पृ. ११८) । वि सं २०२० साल कार्तिक १ गते (आचार्य, २०७० पृ.६०) काठमाडौंको झोंछे टोलका केही संगीतप्रेमी महानुभावहरुबाट संगीत शिक्षा प्रदान गर्ने उद्देश्यले कलानिधि संगीत महाविद्यालयको स्थापना भएको देखिन्छ । प्रारम्भमा, काठमाडौ, झोंछेको बाल शिक्षा सदन र केही समय पछि भोटहिटीस्थित ललितकला क्याम्पसको सानो कोठामा र पछी ठाउँको अभावमा ठहिंटीस्थित रसियन कल्चरल सेन्टरमा विद्यालयले संगीत शिक्षा प्रदान गर्न सुरु गर्‍यो । पाटनको पुल्चोकस्थित कलानिधि इंदिरा संगीत महाविद्यालय नेपालको सबैभन्दा पुरानो निजीस्तरको शास्त्रीय संगीत शिक्षण परम्परामा समरपित संस्था हो । यसले नेपाली संगीतको श्रीवृद्धीमा ठूलो गुन लगाएको छ । सुरुमा भारतको भातखण्डे संगीत विद्यालय लखनउ र पछि प्रयाग संगीत समिति बोर्ड, अलाहाबाद र सो अर्न्तगतको पाठ्यक्रममा आधारित भइ यस महाविद्यालयले निजीस्तरमा सैयोंको संख्यामा नेपाली संगीतज्ञहरु उत्पादन गरेको छ ।

**काठमाडौं विश्वविद्यालय**

नेपालको लोपोन्मुख लोक परम्परागत, स्थानिय तथा जातिय संगीतको जगेर्नाका लागि सक्षम संगीतज्ञ, लेखक, चिन्तक एवं एथनोम्युजिकोलिजिस्ट उत्पादन गर्ने उद्देश्यले काठमाडौं विश्वविद्यालयले वि.स. २०५३ सालमा काठमाडौं उपत्यकाको भक्तपुरमा संगीत विभाग खोलेको थियो । हाल विभागले विभिन्न प्रचलित तथा लोपोन्मुख नेपाली लोक सांगीतिक परम्पराको अभिलेखिकरण लगायत शिक्षण संस्थाको रुपमा गहन अध्ययन अध्यापनको कार्य गरिरहेको छ । विभाग भक्तपूरस्थित १९ औं शताब्दीको शिवालय मन्दिरको छेउमा अवस्थित छ ९ध्धध्ाबकष्वलबचताअक० । नेपाली मौलीक तथा रैथाने संगीतको प्रचारप्रसार एवं सोको पठनपाठन, अभिलेखिकरण र अनुसन्धान मार्फत विश्वविद्यालयले नेपाली संगीत शिक्षण परम्परामा मौलिक आयाम थपी नेपाली संगीतको प्राज्ञिक विकासमा ठूलो गुन लगाइरहेको छ ।

**नेपाल संगीत विद्यालय**

नेपाल संगीत विद्यालयलाई संगीत तर्फको हाई स्कूलको कक्षामा विस्तार गर्ने उद्देश्यका साथ शैक्षिक सत्र २०७३ मा शिक्षा मन्त्रालय मार्फत नेपालमा यो पहिलो पाइलट स्कूलको रूपमा छानिएको थियो । नेपाल संगीत विद्यालयलाई नेपाल म्यूजिक सेन्टरका रूपमा पनि चिनिन्छ । वि.सं. २०६३ सालमा नेपालको एक प्रतिष्ठित निजी संगीत उत्पादन कम्पनी म्यूजिक नेपालले काठमाडौंको पिंगलास्थानस्थित आफ्नै भवनमा यस विद्यालयको स्थापना गरेको हो । स्कुल तहका पाठ्यक्रम निर्माणमा पनि यस विद्यालयले उल्लेखनिय भूमिका निभाउँदै आइरहेको छ र याहाँ संगीतका सबै जसो पुर्विय र पाश्चात्य विधाहरुको पठनपाठन हुन्छ ।

**किष्कर्ष**

नेपालमा शास्त्रीय सँगीतको प्रस्तुती, प्रचार प्रसार, यस प्रतीको खान्दानी आकर्षण र राजाश्रय प्राप्तीको हिसावले शाहकाल र विशेष गरि राणाशासनकालीन समयलाइ श्वर्ण यूग मान्नु पर्ने हुन्छ । राणा प्रधानमन्त्री वीर शम्सेरको शासनकाल विशेषगरि शास्त्रीय सँगीतको विकासक्रमका हिसाबले सम्भन लायक मानिन्छ जुन समय नेपालमा लगातार एक महिना ऐतिहासिक बगेडी सम्मेलन शास्त्रीय सँगीतको श्रीबृद्धीको पवित्र उद्धेश्यले भएको थियो । २००७ सालको परिवर्तन पछी शास्त्रीय सँगीतको सँस्थागत विकास अवधारणा सरकारी र निजीस्तरमा देखिएको पाइन्छ । राणा शासनकालको अन्तीम समयतिर २००४ साल देखि डिल्लीबजारस्थित पद्मकन्या स्कुलमा शास्त्रीय संङ्गीत शिक्षा पठनपाठनको वातावरण बनेपनि अन्य कुनैपनि सँस्थाहरुमा सोको विस्तार हुन नसक्नुले यो केवल त्यस विषय तर्फको सुरुवाती संकेतको रुपमा बुझ्नुपर्ने हुन्छ । विशेष गरि संगीत शिरोमणी पं यज्ञराज शर्माको पहलमा २०११ सालमा नेपाल संगीत परिषद स्थापना गरि सोको मातहत नेपाल संगीत महाविद्यालय २०१२ सालमा स्थापना हुनु नै नेपालमा शास्त्रीय संगीत शिक्षण परम्पराको उच्च शिक्षा तर्फको नयाँ पहलकदमी थियो । तत्कालीन समयमा रेडियो नेपालको स्थापनासँगै विद्युतिय माध्यममा शास्त्रीय संगीतको प्रचार प्रसार व्यापक भएको पाइन्छ । राजा महेन्द्रको यस विधा तर्फको सकारात्मक सोच र हैसलाको परिणाम वि.स. २०१४ सालमा स्थापित नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र २०१६ मा स्थापित सांस्कृति विभाग (नाचघर) ले संयुक्त रुपमा राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा सांस्कृतिक आदान प्रदान र सर्वसाधारणलाइ समेत लक्षित गरि शास्त्रीय संगीत समेतका प्रशिक्षणका कार्यक्रमहरु संस्थागत रुपमा अगाडी बढाउन थाल्नु यस विधा प्रतिको प्राज्ञीक सम्मान र सर्वसाधारणमा रुची विस्तार गर्ने अभिप्रायको रुपमा लिनुपर्ने हुन्छ ।

वि.स. २०१६ सालमा स्थापित त्रिभुवन विश्वविद्यालय र यसका आंगीक क्याम्पसहरुको स्थापनासँगै पद्मकन्या क्याम्पसबाट २०१७ सालबाटै नेपालमा औपचारिक शास्त्रीय संगीतमा आधारित पठनपाठनको शुभारम्भ भएको पाइन्छ । सोको विस्तारित रुप रत्नराज्य लक्ष्मी क्याम्पस, ललितकला क्याम्पस लगायत ललितकला केन्द्रीय विभागमा देख्न सकिन्छ र हाल उक्त विभागमा विद्यावारिधी सम्मको अनुसन्धानात्मक कार्य समेत सुरुवात भइसकेको अवस्था छ । सामुदायिकस्तरमा खुलेका काठमाण्डौ विश्वविद्यालय मातहतको संगीत विभाग, त्रिविकै सम्बन्धन प्राप्त सिर्जना कलेज अफ फाइन आर्ट्स, अनि निजीस्तरका कलानिधी इन्दीरा संगीत महाविद्यालय, नेपाल संगीत विद्यालयले पनि औपचारिक शास्त्रीय संगीत समेत समेटिएको पठनपाठन र अनुसन्धानलाई अगाडी बढाइरहेका छन । आज

संगीतसँग सम्बन्धित निजीस्तरका सैयौं संस्थाहरु र शास्त्रीय संगीतमा समर्पीत गुरुहरुको व्यक्तिगत पहल र सक्रियतामा विशेष गरि संगीत शिक्षण परम्परा अघी बढीरहेको छ तर यसलाई पर्याप्त भने मान्न सकिन्न । अब विद्यालयतहबाटै अनिवार्य शास्त्रीय संगीत समेटिएको शिक्षाको थालनी गर्न र नेपालका सबै विश्वविद्यायलमा समेत यस्को अध्ययन अध्यापन र अनुसन्धानका कार्यमा किञ्चीत ढिला गर्न हुन्न । काठमाण्डौ केन्द्रीत सम्पूर्ण संगीत शिक्षण संस्थाहरुका गतिविधी अव नेपाल भरी नै सोही अनुपातमा विस्तार गर्नु पर्ने चुनौती हामी सबै सरोकारवालाहरुमा थपिएको छ । जुन नेपालको समग्र सांस्कृतिक विकासको लागि अपरिहार्य छ । महाभारतकालीन आजका दक्षीण एशियाली मुलुकको साझा सम्पदाको रुपमा रहेको यो सँगीत परम्परालाइ बचाउने, जोगाउने र प्रचारप्रसार गर्ने कार्यमा छिमेकी मुलुक भारत हामी भन्दा केही अगाडी देखिए पनि हामीले हाम्रो दायित्व पुरा गर्ने कार्यबाट जानाजान पन्छीनु आफ्नो सभ्यता माथीको बालकपन ठहरिने हुँदा यस विधाको जगेर्ना साँचो अर्थमा गर्ने गरि अवका योजनाहरु सरोकारवाला निकायमार्फत आउनुपर्ने अवस्था टड्कारो रुपमा देखिन्छ ।

**सन्दर्भ सामग्री**

आचार्य, श्रीराम (२०५६) संगीतामृत प्रथमाहुती (दोस्रो संस्करण), काठमाण्डौ : संगीतामृत प्रकाशन समिति

आचार्य, श्रीराम ( २०७०) सँगीतामृत तृतियाहुती ( पहिलो संस्करण), काठमाण्डौः सँगीतामृत प्रकाशन

गोपाली, धनबहादूर (२०७०) नेपाली संगीतमा कलानिधीको भुमिका, कलानिधी श्वर्ण महोत्सव स्मारिका २०७०, ललितपूर : कलानिधी ईन्दीरा संगीत महाविद्यालय

तुलाधर, बुद्धरत्न (२०३६) संगीत साधन (भाग २), काठमाण्डौः त्रि. वि पाठ्यक्रम विकास केन्द्र

दर्नाल, राम शरण (२०३८) नेपालका संगीत साधक, काठमाण्डौ : नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान

पाण्डे, इन्दीरा र अन्य (२०३४) संगीताञ्जली, काठमाण्डौ : श्री पाण्डे, रक्तकाली

मुकारुङ्ग, बुलु (२०७१) नेपाली संगीतको अभिलेख, काठमाण्डौ : पाल्पा बुक्स पब्लीकेसन्स

रेग्मी, ध्रुवेशचन्द्र (२०६९) शास्त्रीय सँगीतको सन्दर्भमा राणाकालीन नेपाली सँगीतको इतिहाँस (अँग्रेजी भाषामा) अप्रकाशित विद्यावारिधी शोधग्रन्थः दिल्ली युनिभर्सिटी

https://www.namuda.org.np/

http://sanskritiksansthan.org.np/

https://www.collegesnepal.com/sirjana-college-of-fine-art/

https://www.nepalmusiccenter.com/courses.html

http://www.asianart.com/associations/kumusic/index.html

http://lalitkalacampus.edu.np